नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
(फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन शाखा)

फोन नं.: ०१-५३२४११६
०१-५३२४११७
फ्याक्स नं: ०१-५३२४१४३
ईमेलः psdyojana@gmail.com
planning@nepalpost.gov.np
बबरमहल
काठमाडौं नेपाल

पत्र संख्याः २०८१/०८२
च.नं.

## प्रेस विज्ञप्ति

आज मिति २०८१ साल फागुन २७ गते मंगलबारको दिन हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२४ अन्तर्गत प्रसिद्ध राजनीतिज्ञ स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहको तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूले प्रकाशित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्नुभएको थियो। स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहले नेपालको राजनीतिक व्यवस्था परिवर्तन गरी देशमा प्रजातन्त्र स्थापना गर्न र शैक्षिक लगायतका क्षेत्रको विकासको लागि योगदान पुऱ्याउनु भएकोले उहाँहरुको सम्मानमा उहाँहरुको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट मिति २०८१ फागुन १५ गते निर्णय भएको थियो। सोही बमोजिम हुलाक सेवा विभागले स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहको तस्वीर अंकित रु. १० (दश) दरको हुलाक टिकट प्रकाशन गरी प्रचलनमा ल्याएको हो।

कार्यक्रममा प्रतिनिधिसभाका मा.सदस्य हेमराज राईज्यू विशिष्ट अतिथिको रुपमा रहनुभएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यू विशेष अतिथिको भूमिकामा रहनुभएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिवज्यूहरु, उक्त मन्त्रालय अन्तर्गतका विभागका महानिर्देशकज्यूहरु, स्व.नारदमुनी थुलुङ स्मृति परिषद्का अध्यक्षज्यू र पदाधिकारीहरु, स्व.चिनियाँलाल सिहं स्मृति प्रतिस्ठानका अध्यक्षज्यू र पदाधिकारीहरु, स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिहंको परिवारका सदस्यहरु, फिलाटेलिक सोसाइटी अध्यक्षज्यू, अतिरिक्त हुलाक एशोसियसनका अध्यक्षज्यू लगायत अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो। विज्ञापन बोर्डका प्रमुख प्रशासकीय अधिकृत, गोश्वारा हुलाका कार्यालय, हुलाक प्रशिक्षण केन्द्र, जिल्ला हुलाक कार्यालय, ललितपुरका प्रमुख तथा विभाग तथा अन्य मातहतका कर्मचारीहरु, प्रत्रकार एवं सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूले स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहले नेपाललाई अन्धकारबाट उज्यालो तर्फ लैजान र नेपाली जनतालाई अन्याय, अत्याचार, शोषण र दमनबाट मुक्त गरी न्यायपूर्ण देश निर्माण गर्न संघर्ष गर्नुभएकोले उहाँहरुको योगदानलाई इतिहासले कहिल्यै नभुल्ने धारणा व्यक्त गर्दै उहाँहरुको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्ने कार्य ढिलै भएपनि सम्पन्न गरिएको बताउनुभयो।

कार्यक्रमका विशिष्ट अतिथि प्रतिनिधिसभाका मा.सदस्य हेमराज राईज्यूले स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्ने कार्यले उहाँहरुको योगदानको कदर भएको बताउनुभयो। विशेष अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यूले स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गरी उहाँहरुको योगदानको चर्चा देश तथा

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
(फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन शाखा)

फोन नं.: ०१-५३२४११६
०१-५३२४११७
फ्याक्स नं: ०१-५३२४१४३
ईमेल: psdyojana@gmail.com
planning@nepalpost.gov.np

बबरमहल
काठमाडौं नेपाल

पत्र संख्याः २०८१/०८२
च.नं.

विदेशसम्म फैलाउन मद्दत पुग्ने अपेक्षा राखी उहाँहरुको उच्च सम्मानका लागि हुलाक टिकट प्रकाशन गरिएको बताउनुभयो। उहाँले दुवैजना व्यक्तित्वको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सबैमा मन्त्रालयको तर्फबाट धन्यवाद् व्यक्त गर्नुभयो।

कार्यक्रमको अन्त्यमा कार्यक्रमका अध्यक्ष एवं हुलाक सेवा विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूले प्रसिद्ध राजनीतिज्ञ स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहले शैक्षिक चेतना मार्फत राजनीतिक क्रान्तिको नेतृत्व गरी देशलाई निरंकुश जहाँनियाँ राणा शासनको अन्त्य गरी देशमा प्रजातन्त्र स्थापना गर्न जीवन अर्पण गर्नुभएकोमा उहाँहरुको योगदानको उच्च कदर गर्दै हुलाक टिकट प्रकाशनमा ल्याएको बताउनु हुँदै आगामी दिनमा पनि देशका यस्ता महत्वपूर्ण र प्रसिद्ध व्यक्तित्वहरुको खोजी गरी हुलाक टिकट प्रकाशनको माध्यमबाट उहाँहरुको योगदानलाई इतिहासमा दस्तावेज गराउन प्रयास गरिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूबाट स्व.नारदमुनी थुलुङ र स्व.चिनियाँलाल सिंहको परिवारका सदस्यहरुलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो। कार्यक्रम सञ्चालन हुलाक सेवा विभागका निर्देशक श्री ध्रुवराज आचार्यले गर्नुभएको थियो भने प्रकाशन गरिएका हुलाक टिकटमा अंकित व्यक्तित्वहरुको संक्षिप्त विवरण र टिकटको प्राविधिक विवरण विभागका शाखा अधिकृत श्री चन्द्रा थापाले वाचन गरेर प्रस्तुत गर्नुभएको थियो ।

ध्रुवराज आचार्य ११/२८
निर्देशक